## आकाशवाणी समाचार- नेपाली

मितिः १२ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी १५ दिसम्बरमा जोर्डन, इथियोपिया र ओमानको चार दिवशीय भ्रमणमा जानुहुनेछ।

- राष्ट्रपति द्रौपदी मुर्मुले हिज साँझ इम्फालको सिटी कन्भेन्सन सेन्टरमा आयोजित एक समारोहमा १ हजार ३ सय ८७ करोड रुपिया बराबरको विभिन्न परियोजनाहरूको उद्धाटन र शिलान्यास गर्नुभयो। आज उहाँले मणिपुरको इम्फालमा नुपी पी लाल स्मृति परिसरको भ्रमण गर्नुहुनेछ।

- सूचना एवम् प्रसारण राज्य मन्त्री डा. एल. मुरुगनले भारतमा नारी शक्तिको अभूतपूर्व वृद्धि भइरहेको बताउनु भएको छ l

- वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारत-ईयू स्वतन्त्र व्यापार सम्झौतालाई निष्पक्ष, समतामूलक र सन्तुलित बनाउन कुनै पनि प्रयास बाँकी नराखिने बताउनु भएको छ।

- कर्मचारी राज्य बीमा निगमले आफ्नो कामकाजको दायरा बडाउने, बुनियादी ढांचाको विकास र सेवा सुधारका लागि धेरै महत्त्वपूर्ण प्रस्तावहरू स्वीकृत गरेको छ।

- फिफा ई–बिश्व कपको म्याचमा भारतका दानियाल पटेल क्वाटरफाइनलमा प्रवेश गरेका छन्।

**प्रधानमंत्री नरेन्द्र मोदी - जॉर्डन, इथियोपिया ओमान भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी १५ दिसम्बरमा जोर्डन, इथियोपिया र ओमानको चार दिवशीय भ्रमणमा जानुहुनेछ। भ्रमणको पहिलो चरणमा प्रधानमन्त्री श्री मोदीले जोर्डनको भ्रमण गर्नुहुनेछ। उहाको यो यात्रा जोर्डनका राजा अब्दुल्लाह द्वितीय बिन अल हुसेनको निमन्त्रणामा भईरहेको छ। भ्रमणको क्रममा दुई देशबीचको सम्बन्धको समग्र समीक्षा गर्नुका साथै क्षेत्रीय मुद्दाहरूमा विचार साझा गर्नुहुनेछ। दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७५औँ वर्षगांठका सन्दर्भमा द्विपक्षीय सम्बन्ध प्रगाढ बनाउन र सहयोगका नयाँ क्षेत्र खोज्नका लागि यो भ्रमण महत्वपूर्ण मानिएको छ।

**राष्ट्रपति-मणिपुर भ्रमण -शिलान्यास**

राष्ट्रपति द्रौपदी मुर्मुले हिज साँझ इम्फालको सिटी कन्भेन्सन सेन्टरमा आयोजित एक समारोहमा १ हजार ३ सय ८७ करोड रुपिया बराबरको विभिन्न परियोजनाहरूको उद्धाटन र शिलान्यास गर्नुभयो। राष्ट्रपतिले उद्धाटन र शिलान्यास गर्नुभएको परियोजनाहरूमा स्वास्थ्य क्षेत्र, शिक्षा, सडक र राजमार्ग, आदिवासी विकास, कृषि, विद्युत, सुरक्षा र प्रशासन, खेलकुद, पूर्वाधार, पिउने पानी र अन्य धेरै परियोजनाहरू समावेश छन्।दुर्भाग्यपूर्ण हिंसापछि मणिपुरका जनताले भोगेको पीडाप्रति दुःख व्यक्त गर्नुहुदै राष्ट्रपति मुर्मुले सरकार प्रत्येक प्रभावित परिवारको साथमा रहेको बताउनु भयो।राष्ट्रपति मुर्मु मणिपुरको दुई दिवशीय भ्रमणमा हिज इम्फाल पुग्नुभएको छ।।

**1byte राष्ट्रपति**

**राष्ट्रपति द्रौपदी मुर्मु -मणिपुर**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज मणिपुरको इम्फालमा नुपी पी लाल स्मृति परिसरको भ्रमण गर्नुहुनेछ। उहाँले राज्यका बहादुरहरूलाई पनि श्रद्धाञ्जली अर्पण गर्नुहुनेछ। राष्ट्रपति मुर्मु ले मणिपुरको सेनापति जिल्लामा जनसभालाई सम्बोधन गर्नुहुनेछ अनि जिल्लामा विकास परियोजनाहरूको उद्घाटन एव शिलान्यास गर्नुहुनेछ ।

**अरुणाचल प्रदेश-दुर्घटना – शोक व्यक्त**

चीनको सीमामा पर्ने अरुणाचल प्रदेशमा भएको दुर्घटनामा २१ जनाको मृत्यु भएको आशंका गरिएको छ। यी व्यक्तिहरू आसामको तिनसुकिया जिल्लाका थिए। हाम्रा संवाददाताले बताए अनुसार , २२ जना मजदुर बोकेको डम्प ट्रक सडकबाट चिप्लिएर गहिरो खोंचमा झरेपछि दुर्घटना भएका थिए।यस दु:खद घटना प्रति राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले दुर्घटनाप्रति शोक व्यक्त गर्नुभएको छ। प्रधानमन्त्रीले मृतकका परिवारलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट प्रतिव्यक्ति २ लाख रुपियाँको अनुग्रह राहत घोषणा गर्नुभएको छ। घाइतेहरूले प्रतिव्यक्ति ५०,००० रुपियाँ प्रदान गरिनेछ।

**सूचना एवं प्रसारण राज्य मंत्री डॉ. एल. मुरुगन -नारी शक्ति**

सूचना एवम् प्रसारण राज्य मन्त्री डा. एल. मुरुगनले भन्नुभयो, भारतमा नारी शक्तिको अभूतपूर्व वृद्धि भइरहेको छ। हिज नयाँ दिल्लीमा महिला र दिव्यांग भएका व्यक्तिहरूको सशक्तिकरणको बारेमा सञ्चारकर्मीहरूलाई जानकारी दिनुहुदै उहाँले उनीहरूको सम्मान, गरिमा र आत्मसम्मान कायम गर्ने सरकारको संकल्पमा जोड दिनुभयो। श्री मुरुगनले भन्नुभयो, प्रधान मन्त्री नरेन्द्र मोदीद्वारा बर्ष 2014 मा बेटी बचाओ बेटी पढ़ाओ योजना सुरु गरेपछि, देशको लिङ्ग अनुपात प्रति हजार पुरुषहरूमा एक हजार बीस महिलाहरू सम्म पुगेको छ। डा. मुरुगनले यस अघि भन्नुभयो -, 2 करोड 75 लाख मानिसहरू पीएम आवास योजनाबाट लाभान्वित भएका छन्।

**निर्वाचन आयोग - एस.आई.आर.तालिका संशोधन**

निर्वाचन आयोग ६ राज्य र केन्द्र शासित प्रदेशहरूमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षण एस.आई.आर. को तालिकामा संशोधन गरेको छ। यसमा तमिलनाडु, गुजरात, मध्य प्रदेश, छत्तिसगढ, अन्डमान र निकोबार द्वीप समूह र उत्तर प्रदेश समावेश छन्। संशोधित तालिका अनुसार अब तमिलनाडु र गुजरातले यो काम यसै महिनाको १४ तारिखसम्म पूरा गर्नेछन्। मध्य प्रदेश, छत्तीसगढ र अन्डमान र निकोबार द्वीप समूहका लागि समयसीमा यस महिनाको १८ तारिखसम्म बढाइएको छ भने उत्तर प्रदेशका लागि समय सीमा बढाएर यो महिनाको २६ तारिखसम्म विस्तार गरिएको छ। मतदाता नामावलीको मस्यौदा प्रकाशनको मिति पनि संशोधन गरिएको छ। तमिलनाडु र गुजरातका लागि मस्यौदा सूची यसै महिनाको १९ तारिखमा जारी गरिनेछ। मध्य प्रदेश, छत्तिसगढ र अन्डमान एवम् निकोबार द्वीप समूहहरूका लागि मतदाता नामावलीको मस्यौदा यसै महिनाको २३ तारिखमा प्रकाशित गरिनेछ। यो ३१ दिसम्बरमा उत्तर प्रदेशमा प्रकाशित हुनेछ। निर्वाचन आयोगले केरलाको चुनावी तालिका संशोधन गरिसकेको छ। केरलामा गणना प्रपत्र जमा गर्ने अवधि यसै महिनाको १८ तारिखमा समाप्त हुनेछ र मतदाता नामावलीको मस्यौदा यसै महिनाको २३ तारिखमा प्रकाशित हुनेछ। आयोगले गोवा, गुजरात, लक्षद्वीप, राजस्थान र पश्चिम बङ्गालमा गणना फारम जमा गर्ने अवधि आज समाप्त हुने बताएको छ। यी राज्यहरू र केन्द्र शासित प्रदेशहरूका लागि मतदाता नामावलीको मस्यौदा यसै महिनाको १६ तारिख प्रकाशित गरिनेछ। आयोगले कार्यतालिका संशोधन गर्ने निर्णय ६ राज्य र केन्द्र शासित प्रदेशहरूका मुख्य निर्वाचन अधिकारीहरूको अनुरोध प्राप्त भएपछि गरिएको बताएको छ ।

**वाणिज्य तथा उद्योग मन्त्री**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारत-ईयू स्वतन्त्र व्यापार सम्झौतालाई निष्पक्ष, समतामूलक र सन्तुलित बनाउन कुनै पनि प्रयास बाँकी नराखिने बताउनु भएको छ। उहाले हिज मुम्बईमा भारत-इटाली व्यापार मञ्चको पूर्ण सत्रलाई

सम्बोधन गर्दै यस आशय बारे बताउनु भएको हि। उहाँ सँगै इटालीका उपप्रधानमन्त्री तथा विदेशमन्त्री एन्टोनियो ताजानी पनि उपस्थित हुनुहुन्थ्यो ।

**2-Byte गोयल**

**सर्वोच्च न्यायलय-कोविड**

सर्वोच्च न्यायलय ले कोभिड-१९ को समयमा काम गर्ने क्रममा मृत्यु हुने डाक्टरहरूको परिवारलाई प्रधानमन्त्री गरीब कल्याण योजना अन्तर्गत ५० लाख रुपियाँको बीमा पाउने फैसला गरेको छ।न्यायलयले निजी डाक्टरहरूलाई योजनाबाट बहिष्कार गर्ने बम्बई उच्च अदालतको निर्णयलाई यसमा सामेल गरेका छैनन् ।

**प्रधानमंत्री नरेंद्र मोदी अमरीका राष्ट्रपति -बातचीत**

प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पसित टेलिफोनमा बातचित गर्नु भएको छ । एक सामाजिक सञ्जाल पोस्टमा श्री मोदीले भन्नुभयो, उहाँले श्री ट्रम्पसँग द्विपक्षीय सम्बन्धमा भएको प्रगतिको समीक्षा गर्नुभयो र क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय घटनाक्रमहरूमाथि चर्चा गर्नुभयो। प्रधान मन्त्रीश्री मोदीले भन्नुभयो, भारत र अमेरिका विश्व शान्ति, स्थिरता र समृद्धिका लागि सँगै काम गर्न जारी राख्नेछन्।

**केन्द्र - श्रम संहिता**

केन्द्रले २१ नोभेम्बर मा लागू गरेको नयाँ श्रम संहिता भारतभरिका श्रमिकहरूको जीविकोपार्जनमा स्थिरता प्रदान गर्ने उद्देश्यले गरिएको छ । आज, हामी यी नयाँ सुधारहरूले देशभरका खतरनाक उद्योगहरूमा श्रमिकहरूलाई कसरी प्रत्यक्ष रूपमा फाइदा पुऱ्याइरहेको छ भन्ने कुरा प्रकाश पार्दैछौं।

3-byte-श्रम

**भारतीय नौसेना**

भारतीय नौसेनाले १६ दिसम्बरको दिन कोच्चीमा पहिलो स्वदेशी रूपमा डिजाइन गरिएको र निर्मित डाइभिङ सपोर्ट क्राफ्ट-डिएससीए २० को स्थापना गर्नेछ। कोलकातास्थित टिटागढ रेल सिस्टम्स लिमिटेडले निर्माण गरेको यो जहाज अत्याधुनिक डाइभिङ प्रणालीले सुसज्जित रहेको रक्षा मन्त्रालयले जनाएको छ । यसले सुरक्षा र परिचालन दक्षताको उच्चतम मापदण्डहरू पूरा गर्दछ। जहाज दक्षिणी नौसेना कमान्डको तत्वावधानमा काम गर्नेछ र जलमग्न निगरानी, उद्धार समर्थन र तटीय परिचालन तैनातीलाई बलियो बनाउनेछ।

**नीति आयोग - विकसित भारत**

नीति आयोगले भनेको छ , विकसित भारतको दृष्टिकोणका लागि दीर्घकालीन पुँजी जुटाउन सक्षम एउटा बलियो र विविध वित्तीय व्यवस्थाको आवश्यकता छ ।आयोगका प्रमुख कार्यकारी अधिकारी बी.वी.आर. सुब्रह्मण्यमले हिज नयाँ दिल्लीमा भारतमा कर्पोरेट बन्ड बजारलाई सुदृढ पार्ने सम्बन्धी रिपोर्ट जारी गर्नुहुदै श्री सुब्रह्मण्यमले भन्नुभयो - रिपोर्टले कसरी बलियो र अधिक कुशल कर्पोरेट बन्ड बजारले बजार पहुँच विस्तार गरेर, तरलता सुधार गरेर र निवेशकर्ताको सहभागितालाई सुदृढ गरेर यो संक्रमणलाई सम्भव बनाउन केन्द्रीय भूमिका खेल्नेछ भन्ने कुरामा जोड दिन्छ। उहाँले अझ भन्नुभयो - रिपोर्टले विश्व बजारसँग तुलनात्मक विश्लेषण पनि समावेश गर्दछ।

**कर्मचारी राज्य बीमा निगम**

कर्मचारी राज्य बीमा निगमले आफ्नो कामकाजको दायरा बडाउने बुनियादी ढांचाको विकास र सेवा सुधारका लागि धैरै महत्त्वपूर्ण प्रस्तावहरू स्वीकृत गरेको छ। हिज नयाँ दिल्लीमा केन्द्रीय श्रम एवम् रोजगार मन्त्री मनसुख मंडावियाको अध्यक्षतामा भएको बैठकमा चालू वित्त वर्षका लागि संशोधित अनुमानहरूलाई अनुमोदन गरिएको थियो। धैरै राज्यमा जमीन अधिग्रहणलाई पनि मन्जुरी दिई सकिएको छ । यसमा महाराष्ट्रको औरङ्गावादमा २०० पलंगको ई.एस.आई.सी अस्पतालकको लागी १५ एकड भूमि र र असममा एक ईएसआईसी सुविधाको लागि डिस्पेन्सरीहरू समावेश छन्।

**भारत - फीफा ई-विश्वकप**

फिफा ई–बिश्व कपको म्याचमा  भारतका दानियाल पटेल क्वाटरफाइनलमा प्रवेश गरेका छन् । साउदी अरेबियाको रियादमा भएको समूह 'बी' मा पटेल शीर्ष स्थानमा प्राप्त गरेका छन् । क्वाटरफाइनलमा आज साँझ ६.३० बजे भारतले मलेसियासित प्रतिस्पर्धा गर्नेछ । यसको प्रसारण  भारतीय फुटबलको युट्युब च्यानलबाट हुनेछ ।

****** ० ******